# बोलपत्र आव्हानको सूचना

सूचना प्रकाशित भएको मितिः २०८१।१०।२२

बोलपत्र आह्वानको सूचना नं. 01/NCB/HANDS Nepal/2081/082

दुधौली नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा मानव तथा राष्ट्रिय विकास समाज (ह्यान्ड्स नेपाल) सिन्धुलीको सहजीकरणमा दुधौली नगरपालिकामा संचालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास कार्यक्रम लागि आवश्यक उन्नत जातका बीउ पाठीहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ३१ बमोजिम राष्ट्रिय स्तरको खुल्ला बोलपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रको विवरण:**

| क.सं. | सामाग्रीको नाम | परिमाण | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र मान्य हुने अवधि | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | उन्नत जातका बीउ पाठीहरु खरिद तथा आपुर्ती | ३०० वटा | ९६,०००।– | ३,०००।– | ९० दिन | २०८१/११/२१ कार्यालय समय भित्र | २०८१/११/२२ गते दिनको १२: ०० बजे भित्र | २०८१/११/२२ गते दिनको २.३० बजे |

१. बोलपत्र खरिद गर्न ईच्छुक योग्य बोलपत्र दाताहरुले बोलपत्र सम्बन्धि कागजात मानव तथा राष्ट्रिय विकास समाज (ह्यान्ड्स नेपाल) को दुधौली केन्द्रिय कार्यलय सिन्धुलीबाट लिखित निवेदन पेश गरी मिति २०८१/११/२१ गते कार्यालय समय ५ बजे भित्र प्राप्त गर्न सकिनेछ । निवेदन साथ कम्पनी/फर्म/व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि, नविकरण एवं कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र बोलपत्र सम्बन्धि कागजातको दस्तुर विउ पाठीका लागि रु.३०००।–अक्षरेपी रु. तीन हजार मात्र (फिर्ता नहुने) नगद वा भौचर पेश गर्नु पर्नेछ ।

२ शिलबन्दी गरिएको बोलपत्र मिति २०८१/११/२२ गते दिनको १२:०० बजे भित्र मानव तथा राष्ट्रिय विकास समाज (ह्यान्ड्स नेपाल) दुधौली सिन्धुलीको केन्द्रिय कार्यालयमा पेश गर्नु पर्नेछ । उल्लेखित समयभन्दा पछि बोलपत्र स्वीकार गरिने छैन । बोलपत्रको साथमा माथि तोकिए अनुसारको बोलपत्र जमानत रकम मानव तथा राष्ट्रिय विकास समाज नेपाल (ह्यान्ड्स नेपाल) को सिद्धार्थ बैंक, दुधौली शाखामा रहेको चल्ती खाता HANDS NEPAL-PSFYEALD खाता नं. ५५५०६८४७७२७ मा जम्मा गरेको सकल भौचर संलग्न गर्नुपर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्र खोलेको मितिबाट कम्तीमा पनि १२० दिन बढि हुनु पर्नेछ ।

३. तोकिएको समय भित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहने बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा मानव तथा राष्ट्रिय विकास समाज (ह्यान्ड्स नेपाल) को केन्द्रिय कार्यालय दुधौली, सिन्धुलीको कार्यालयमा मिति २०८१/११/२२ गते दिनको २:३० बजे खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४.दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ।

५. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार मानव तथा राष्ट्रिय विकास समाज (ह्यान्ड्स नेपाल) दुधौली सिन्धुलीमा निहित रहनेछ ।

६. बोलपत्र सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्रपत्र सम्बन्धि थप जानकारीको लागि मानव तथा राष्ट्रिय विकास समाज (ह्यान्ड्स नेपाल), दुधौली सिन्धुली (सम्पर्क ९८५११४०५३४ वा hn_info@handsnepal.org मा सम्पर्क गर्न सकिनेछ ।

मानव तथा राष्ट्रिय विकास समाज (ह्यान्ड्स नेपाल)
*सिन्धुली, नेपाल*